# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७४ मंसिर १८ गते, सोमबार**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले काठमाडौंको अनामनगरमा निर्माण हुने महालेखा परीक्षकको कार्यालय भवन एक कार्यक्रमका बीच शिलान्यास गर्नुभयो। कार्यक्रममा संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु, सुरक्षा निकायका पदाधिकारीहरु लगायत अन्य अतिथीहरुको उपस्थिति रहेको थियो।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भविष्य र सपनालाई साकार पार्न तथा राज्यको स्रोत साधनको प्राप्ति एवं उपयोगको प्रक्रियालाई निगरानी र मार्गदर्शन गर्न महालेखा परीक्षकको कार्यालयको महत्वपूर्ण भुमिका रहेको उल्लेख गर्नुभयो। त्यसैले कार्यालयले सार्वजनिक सेवा प्रवाह, दिगो विकास र वातावरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सेवा, जनस्वास्थ्य र सार्वजनिक वित्तीय व्यवस्थापनको सवल र दुर्वल पक्षहरुको विश्लेषण गर्ने, आर्थिक कारोबारका नतिजाहरुमा राय र सुझाव प्रदान गर्ने कार्यमा ध्यान दिनुपर्ने बताउनुभयो। साथै भवन निर्माण कार्य तोकिएकै समयमा सम्पन्न गर्न सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउनुभयो।

सो अवसरमा माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगालले मुलुकको वित्तीय प्रशासन र व्यवहारमा देखिएका समस्या समाधान गरी आर्थिक अनुशासन कायम गर्न सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शन समेत समेटी महालेखा परीक्षकको छ वर्षे कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा ल्याइएको बताउनु भयो। साथै आवश्यक भौतिक पूर्वाधार र उपयुक्त कार्य वातावरण सिर्जना गर्न भवन निर्माण कार्य समयमै सम्पन्न गरी संविधान तथा कानुनले अपेक्षा गरे अनुसारको गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहमा कार्यालयको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो।

अनामनगर स्थित नेपाल सरकारले उपलब्ध गराएको १० रोपनी १३ आना जग्गामा २ तला जमिनमुनि र ७ तला जमिनमाथि गरी जम्मा ९ तला निर्माण हुन गइरहेको उक्त भवनको floor area ११११५९ वर्ग मिटर हुनेछ। लागत अनुमान रु. ६९ करोड २१ लाख रहेको (मूल्य अभिवृद्धि कर र कन्टेन्जेन्सी रकम बाहेक) उक्त भवन २०७६ भाद्र २० सम्ममा सम्पन्न गर्न निर्माण व्यवसायी लुम्बीनी/गौरी पावर्ती/शान्ती जे. भि. सँग रु. ५४ करोड २२ लाख (मूल्य अभिवृद्धि कर र कन्टेन्जेन्सी रकम बाहेक) मा सम्झौता भएको छ।

उद्धवचन्द्र श्रेष्ठ
नायव-महालेखापरीक्षक/प्रवक्ता